# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**विषयः- घर भाडाको प्रस्ताव आह्वान गरिएको सूचना।**

**दोस्रो पटक सूचना प्रकाशन मितिः- २०७७।०८।२९**

यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यलायलाई सिकलसेल ल्याब स्थापना तथा सञ्चालन प्रयोजनको निम्ति देहायमा उल्लेख भए अनुसारको घर भाडामा लिन आवश्यक भएकोले ईच्छुक घरधनी नेपाली नागरिकहरुलाई प्रस्ताव पेश गर्न आह्वान गरिन्छ ।

१. घरभाडामा लिने कार्यालयको नाम र ठेगानाः- कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बांके
२. घरभाडा आवश्यक भएको क्षेत्र वा स्थानः- जिल्ला-बांके, कोहलपुर नगरपालिकाको वडा नं.-३,४,१० वा ११ अन्तरगत पर्ने रत्न राजमार्ग र महेन्द्र राजमार्ग बाट करिव १०० मीटरको आसपास भित्र।
३. घरजग्गाको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरणः- कम्पाउण्ड वाल भएको, कम्तिमा एउटा गाडी पार्किंग गर्ने ठांऊ भएको, कम्तिमा ४ कोठा भएको एउटै घर वा एउटै घरधनीको हुनु पर्ने, सुविधायुक्त शौचालय, खानेपानी तथा बिजुली बत्तिको उचित प्रबन्ध भएको, सुविधायुक्त बाटो भएको
४. कर सहित अधिकतम २०,०००। (बीस हजार) दररेटमा मात्र घरभाडामा लिईने छ ।
५. प्रस्ताव पेश गर्ने तरिकाः- घरधनीद्वारा घरभाडामा दिने प्रस्ताव निवेदनको रुपमा पेश गर्न सकिने छ । सो निवेदनमा रु.१०।– को टिकट टांस गरी आफूले भाडा दिन चाहेको घरको विवरण- ठेगाना, घर जग्गाको क्षेत्रफल, कोठा संख्या र भौतिक सुविधा सम्बन्धि विवरण र आफूले लिन चाहेको मासिक भाडा दर र आफूले कुनै शर्त राख्न चाहेको भए सो समेत खुलाई निम्न कागजात संलग्न राखी निवेदनमा दस्तखत् गरी खामबन्दी गरी लाहाछाप लगाई शिलबन्दी गरी खामको बाहिर दाहिने भागको माथि पट्टि घरभाडाको प्रस्ताव लेख्नु पर्ने छ । सो मुनि प्रापक खण्डमा कोहलपुर नगर कार्यपालिकाको कार्यालय र खामको बांया भागको प्रेषक खण्डमा घरभाडा प्रस्ताव गर्ने घरधनीको नाम ठेगाना लेखी पेश गर्नु पर्ने छ।
   - नागरिकताको प्रमाण-पत्रको फोटोकपि-१
   - जग्गा धनी प्रमाण-पुर्जाको फोटो कपी-१,
   - मालपोत तिरेको रसिदको फोटो कपि-१,
   - घरको नक्शा पास प्रमाणपत्रको फोटो कपि-१
६. घरभाडा भुक्तानि गर्दा मासिक भाडामा प्रचलित कानून बमोजिम लाग्ने घर बहालकर श्रोतमै कट्टी गरी बांकी रकम मात्र घरधनिलाई भुक्तानि गरिने छ ।
७. प्रस्ताव पेश गर्ने अन्तिम मिति र स्थानः- २०७७।०९।०५ गते भित्र कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्ने ।
८. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

.............................

छविलाल नेपाली

प्रमुख प्रशासकीय अधिकृत